# जिल्ला समन्वय समितिको कार्यालय

# काभ्रेपलाञ्चोक, बागमती प्रदेश, नेपाल

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्वन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको (तेस्रो त्रैमासिक) माघ, फागुन र चैत्र महिनामा सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

## २०८२ वैशाख

# <u>स्वतः प्रकाशन ( Proactive Disclosure)</u>

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको व्यवस्था बमोजिम सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६४ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३/३ महिनामा प्रकाशित गर्नुपर्ने कानूनी व्यवस्था छ। यसका लागि ऐन र नियमावलीमा गरी २० वटा शीर्षक तोकिएका छन्। सूचनाको हकसम्वन्धी कानूनको मूल ध्येय नै नागरिकले सूचना माग नगरे पनि आफ्नो निकायको पारदर्शिता, जवाफदेहिता र विश्वसनीयताको लागि नियमित रुपमा विवरण प्रकाशित **(Proactive Disclosure)** गर्ने क्रममा जिल्ला समन्वय समितिको कार्यालय, काभ्रेपलाञ्चोकद्वारा आ.व.०८१/०८२ को (तेस्रो त्रैमासिक) माघ,फागुन र चैत्र महिनामा सम्पादित क्रियाकलापहरुको मुख्य मुख्य विवरण यस प्रकाशनमा प्रस्तुत गरिएको छ।

जिल्ला समन्वय समितिको कार्यालय,

काभ्रेपलाञ्चोक।

शाखा अधिकृत

जिल्ला समन्वय समितिको कार्यालय
काभ्रेपलाञ्चोक
२०७२

## विषयसूची :

१. जि.स.स को स्वरुप र प्रकृति
२. जि.स.स.को काम, कर्तव्य र अधिकार
३. जि.स.स. मा रहने कर्मचारी संख्या र कार्य विवरण
४. जि.स.स. बाट प्रदान गरिने सेवा
५. जि.स.स.को शाखा र जिम्मेबार अधिकारी
६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि
७. निर्णय गर्ने प्रक्रिया र अधिकार
८. निर्णय उपर उजुरी सुन्ने अधिकारी
९. सम्पादन गरेको कामको विवरण
१०. सूचना अधिकारी र प्रमुखको नाम र पद
११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची
१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण
१३. तोकिए बमोजिमका अन्य विवरण
१४. जि.स.स. को वेभसाइट
१५. जि.स.स. ले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण
१६. जि.स.स. ले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगती प्रतिवेदन
१७. जि.स.स.ले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्ता सूचना संरक्षण गर्न तोकिएको समयावधि
१८. जि.स.स.मा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विवरण
१९. जि.स.स. का सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण
२०. थप जानकारीका लागि सम्पर्क

शाखा अधिकृत

# जिल्ला समन्वय समितिको कार्यालय, काभ्रेपलाञ्चोक

## सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३ बमोजिम प्रकाशित विवरण

## आ.व.०८१/८२ को तेस्रो त्रैमासिक (माघ,फागुन र चैत्र)

१. जिल्ला समन्वय समितिको स्वरुप र प्रकृति :

जिल्ला समन्वय समितिको कार्यालय निर्वाचित जनप्रतिनिधिहरुको नेतृत्व गर्ने कार्यालय हो। नेपालको संविधानको धारा २२०(१) मा भएको व्यवस्था बमोजिम जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाहरुबीच समन्वय गर्न जिल्ल सभाको गठन भएको हो। जिल्ला सभाले एक जना प्रमुख, एक जना उप-प्रमुख, कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसंख्यक सहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्नेछ। जिल्ला समन्वय समितिले जिल्ला तर्फबाट गर्ने सम्पूर्ण कार्य सम्पादन गर्नेछ भन्ने व्यवस्था रहेको छ। काभ्रेपलाञ्चोक जिल्ला समन्वय समितिमा प्रमुख, उप-प्रमुख र सात जना सदस्य गरी जम्मा ९ जना पदाधिकारी रहनु भएको छ। काभ्रेपलाञ्चोक जिल्ला समन्वय समितिको बैठक प्रत्येक महिना नियमित रुपमा बस्ने गरेको छ भने आवश्यकता अनुसार अन्य बैठक समेत बस्ने गरेको छ। केन्द्र सरकारबाट प्राप्त निर्देशन र जिल्ला समन्वय समितिले गर्ने निर्णयहरुको कार्यान्वयन तथा दैनिक प्रशासन संचालनको लागी जिल्ला समन्वय अधिकारी (रा.प.द्वि.श्रेणी) को नेतृत्वमा निजामती स्थायी तथा करार सेवातर्फका कर्मचारीहरु कार्यारत रहेका छन्। नेपालको संविधान २०७२ का साथै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९२ ले जिल्ला समन्वय समितिले गर्ने कार्य निर्दिष्ट गरेको छ।

२. जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार

देहाय बमोजिमका कार्यहरु यसको कार्यक्षेत्र भित्र पर्दछन्।

*(क)* *नेपालको संविधानको धारा २२० अनुसारका कार्यहरु*

- जिल्ला भित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने,
- विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न र सोको अनुगमनको कार्य गर्ने,
- जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्ने,
- प्रदेश कानून बमोजिमका अन्य कार्यहरु गर्ने।

जिल्ला समन्वय समितिको कार्यालय काभ्रेपलाञ्चोक २०७४

शाखा अधिकृत

*(ख)* *स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिमका कार्यहरु*

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ मा जिल्ला सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने उल्लेख छ।

- जिल्ला भित्रका गाउँपालिका वा नगरपालिकाबिचको विकास निर्माणका विषय पहिचान गर्ने तथा व्यवस्थापन गर्ने आवश्यक समन्वय गर्ने,
- जिल्लाभित्रका सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत विषय र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव मार्गदर्शनलाई सार्वजनिक गर्ने,
- जिल्ला भित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा सङ्घसँग समन्वय गर्ने,
- जिल्लामा रहने सङ्घीय वा प्रदेश सरकारी कार्याल र गाउँपालिका तथा नगरपालिकाबिच समन्वय गर्ने,
- जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाबिच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने,
- जिल्ला भित्रका प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्वन्धी योजना र कार्यको समन्वय गर्ने,
- जिल्लाभित्रका विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी सङ्घ संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने,
- जिल्ला भित्रका विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागी मन्त्रालय, स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धित गाउँपालिका तथा नगरपालिकालाई समेत सुझाव दिने,
- आफ्नो काम कारबाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने,
- जिल्ला भित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागी वर्षको एक पटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट सङ्घीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसदसदस्यलाई आमन्त्रण गरी सुझाव लिने,

(ग) बागमती प्रदेश कानून र नियमावली बमोजिमका कार्यहरु

जिल्ला समन्वय समितिको कार्यालय काभ्रेपलाञ्चोक २०७२

शाखा अधिकृत

३. जिल्ला समन्वय समितिका पदाधिकारीहरु तथा कर्मचारीहरुको संख्या र कार्यविभाजन

(क) जिल्ला समन्वय समितिका पदाधिकारीज्यूहरुको विवरण

| क.स. | पदाधिकारीको नामथर | पद |
|---|---|---|
| १. | श्री दिपक कुमार गौतम | प्रमुख |
| २. | श्री रिम बहादुर तामाङ | उप-प्रमुख |
| ३. | श्री मंगल बहादुर तामाङ | सदस्य |
| ४. | श्री कृष्ण कुमारी राई | सदस्य |
| ५. | श्री निर बहादुर लामा | सदस्य |
| ६. | श्री अप्सरा ढुंगाना सिपखान | प्रवक्ता/सदस्य |
| ७. | श्री कमल राज गिरी | सदस्य |
| ८. | श्री चण्डिका मिजार | सदस्य |
| ९. | श्री रस्मिता भण्डारी | सदस्य |

(ख) जिल्ला समन्वय समितिमा हाल कार्यरत स्थायी निजामती कर्मचारीहरुको विवरणः

| क.स. | कर्मचारीको नामथर | पद/श्रेणी |
|---|---|---|
| १. | रिक्त | जि.स.अ./रा.प.द्वि |
| २. | श्री भरत सापकोटा | शा.अ./रा.प.तृ |
| ३. | श्री प्रवेश आचार्य | इन्जिनियर/ रा.प.तृ |
| ४. | श्री अस्मिता पौडेल | लेखापाल/रा.प.अनं.प्र. |
| ५. | श्री किशोर कुमार रसाईली | नायव सुब्बा/ रा.प.अनं.प्र. |
| ६. | श्री अर्पण पोखरेल | खरिदार/ रा.प.अनं.द्वि |

जिल्ला समन्वय समितिमा हाल रिक्त रहेका पदको विवरण

१. जिल्ला समन्वय अधिकारी - रा.प.द्वि- १(एक)

२. सव-इन्जिनियर - रा.प.अनं.प्र./प्राविधिक -१(एक)- लोकसेवा माग भएको ।

जिल्ला समन्वय समितिमा हाल करारमा कार्यरत कर्मचारीहरुको विवरण

| क.स. | कर्मचारीको नामथर | पद/श्रेणी | कार्यरत शाखा |
|---|---|---|---|
| १. | श्री रुपक खड्का | ना.सु(जि.स.स.प्रमुखज्यूको निजी सचिव) | |
| २. | श्री राजकुमार त्रिपाठी | सवारी चालक | जि.स.स.-प्रमुख |

जिल्ला समन्वय समितिको कार्यालय काभ्रेपलाञ्चोक २०७३

शाखा अधिकृत

| | | | |
|---|---|---|---|
| ३. | श्री विनोद मुक्तान | सवारी चालक | जिल्ला समन्वय अधिकारी |
| ४. | श्री दिनेश घिमिरे | कार्यालय सहयोगी | सबै शाखा |
| ५. | श्री लक्ष्मण बिष्ट | कार्यालय सहयोगी | सबै शाखा |
| ६. | श्री बिमला परियार | कार्यालय सहयोगी | सबै शाखा |
| ७. | श्री ओम कृष्ण श्रेष्ठ | सुरक्षा गार्ड | सबै शाखा |

४.जिल्ला समन्वय समितिको कार्यालयबाट प्रदान गरिने सेवाहरु

- नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ साथै संघीय र प्रदेश कानून बमोजिमका सबै सेवाहरु।
- जि.स.स. बाट सम्पादन गरिने कामहरुको विवरण नियमित रुपमा सार्वजनिक गर्ने गरिएको।

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेबार अधिकारी

| क्र.स. | शाखाको नाम | जिम्मेबार अधिकारी | कैफियत |
|---|---|---|---|
| १ | व्यवस्थापन शाखा | शा.अ. श्री भरत सापकोटा<br>ना.सु. श्री किशोर कुमार रसाईली<br>ले.पा. अस्मिता पौडेल<br>खरिदार श्री अर्पण पोखरेल | |
| २ | अनुगमन तथा मूल्याङ्कन शाखा | ई. श्री प्रवेश आचार्य | |

६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि

- जिल्ला समन्वय समितिले प्रदान गर्ने सबै सेवा निःशुल्क रुपमा प्रदान हुने।

७. निर्णय गर्ने प्रकृया र अधिकार

- शाखासँग सम्बन्धित नियमित कामहरुको निर्णय शाखा प्रमुखबाट हुने।
- शाखा प्रमुखबाट हुन नसक्ने निर्णय र कार्यालय प्रमुखबाट निर्णय हुने भनी तोकिएका विषयमा कार्यालय प्रमुखबाट निर्णय हुने।
- नीतिगत विषयका निर्णयहरु जिल्ला समन्वय समितिबाट हुने।

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

- कार्यालयको दैनिक कामकाज सम्बन्धमा भएको निर्णय सम्बन्धी उजुरी- जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय काभ्रेपलाञ्चोक २०७३

शाखा अधिकृत

- जिल्ला समन्वय अधिकारीको निर्णय सम्बन्धी उजुरी — जि.स.स. प्रमुख

९. २०८१ माघ १ देखी चैत्र मसान्तसम्मको सम्पादन गरिएको क्रियाकलापहरुको त्रैमासिक विवरण

- मिति २०८१/१०/१५ गते तेमाल, रोशी र सिन्धुली जिल्लामा पर्ने सुनकोशी गा.पा. को सिमाना फेरबदल भएको स्थलगत अनुगमन सम्पन्न गरियो।
- मिति २०८१/१०/३० गते FRA को प्रारम्भिक र अन्तिम नतिजा प्रकाशित गरियो।
- ढुङ्गा, गिट्टी उत्खनन्, बिक्रि तथा व्यवस्थापन सम्बन्धि मापदण्ड २०७७ को दफा ९(१) मा व्यवस्था भएको नदीजन्य पदार्थ उत्खनन्, संकलन र विक्रि सम्बन्धि प्रक्रियाको अनुगमन गर्न गठित समितिको संयोजक एवं जिल्ला समन्वय समितिका प्रमुख श्री दिपक कुमार गौतमज्यूको अध्यक्षतामा मिति २०८१/१०/०९ गते बैठक बसी जिल्ला समन्वय अधिकारी श्री कृष्ण ब्यान्जूज्यूको संयोजकत्वमा कार्यदल गठन गरियो।
- मिति २०८१/१०/२३ र २४ गते ढुङ्गा, गिट्टी उत्खनन्, बिक्रि तथा व्यवस्थापन सम्बन्धि मापदण्ड २०७७ को दफा ९(१) मा व्यवस्था भएको नदीजन्य पदार्थ उत्खनन्, संकलन र विक्रि सम्बन्धि प्रक्रियाको अनुगमन गर्न गठित कार्यादलले पनौती नगरपालिका र बेथानचोक गाउँपालिकामा संचालित क्रसर उद्योगहरुको स्थलगत अनुगमन गरियो।
- मिति २०८१/११/०९ गते ढुङ्गा, गिट्टी उत्खनन्, बिक्रि तथा व्यवस्थापन सम्बन्धि मापदण्ड २०७७ को दफा ९(१) मा व्यवस्था भएको नदीजन्य पदार्थ उत्खनन्, संकलन र विक्रि सम्बन्धि प्रक्रियाको अनुगमन गर्न गठित कार्यादलले नमोबुद्ध नगरपालिका र रोशी गाउँपालिकामा संचालित क्रसर उद्योगहरुको स्थलगत अनुगमन गरियो।
- मिति २०८१/१२/०६ गते रोशी गाउँपालिका वडा नं १२ को वडा कार्यालय भवन निर्माण को लागि निर्माण स्थलको सुनिश्चितता भए नभएको यकिन गर्न, योजना सञ्चालन कार्ययोजनाको विषयमा जानकारी लिन तथा अन्य विविध प्राविधिक विषय सम्बन्धि स्थलगत वस्तुस्थिती सहितको जानकारी लिन योजनाको स्थलगत् अनुगमन गरियो।
- मिति २०८१/१२/१४ देखी १८ गते सम्म जिल्ला समन्वय समितिको अगुवाईमा काठमाडौं विश्वविद्यालय परिसरमा युवा महोत्सव सम्पन्न गरियो।

१०. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद

- कार्यालय प्रमुखः रिक्त
- सूचना अधिकारीः शाखा अधिकृत श्री भरत सापकोटा

११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

शाखा अधिकृत

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार संचालन ऐन, २०७४
- सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४
- गाउँ/नगर/जिल्ला सभा संचालन(कार्यविधि) ऐन, २०७५ (बागमती प्रदेश)
- जिल्ला समन्वय समितिको अन्य काम, कर्तव्य र अधिकार सम्बन्धी नियमावली, २०७५ (बागमती प्रदेश)
- वातावरण संरक्षण ऐन, २०७७(बागमती प्रदेश)
- ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, (पहिलो संशोधन) २०७९(नेपाल सरकार)
- नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि, २०७५ (बागमती प्रदेश)
- स्थानीय पूर्वाधार साझेदारी विकास कार्यक्रम कार्यविधि नियमावली, २०७७
- प्रदेश पूर्वाधार साझेदारी विकास कार्यक्रम कार्यविधि नियमावली, २०७८
- जिल्ला अनुगमन कार्यविधि, २०७५
- जिल्ला सभा सञ्चालन कार्यविधि,२०७५
- संघ, प्रदेश र स्थानीय तह बीच अन्तरसम्बन्ध ऐन, २०७७

१२. आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अध्यावधिक विवरण

| क्र.स. | विवरण | प्राप्त रकम तथा कोषमा मौजुदा रकम(रु.) | खर्च भएको रकम(रु.) |
|---|---|---|---|
| १. | जि.स.स. कार्यालयहरु(३६५००१०५३-संघीय अनुदान) | १,५०,४७,०००।- | ७१,७७,४५४।- |
| २. | विविध खाता(जि.स.स. मौज्दात कोष+कर्मचारी कल्याण कोष+अन्य आम्दानी) | ६६,३०३,४५२।- | १,४०,०६,८८८।- |
| ३. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय बागमती प्रदेश अनुदान(३०१०००११३) | ४०,००,०००।- | २२,७६,५४७।- |

१३. तोकिए बमोजिम अन्य विवरण

- संघीय सरकार र प्रदेश सरकारका मन्त्रालय र विभागबाट प्राप्त परिपत्र र निर्देशन बमोजिमका कार्यहरु गर्ने गरेको।
- विभिन्न विषयगत समितिमा जिल्ला समन्वय समिति र कार्यालयको प्रतिनिधित्व हुने गरेको।

१४. जिल्ला समन्वय समितिको वेभसाईट- www.dcckavre.gov.np

जिल्ला समन्वय समितिको कार्यालय काभ्रेपलाञ्चोक २०७३

शाखा अधिकृत

फेसबुक पेजः **https://www.facebook.com/districtcoordinationoffice?mibetid=JRoKGi**

१५. जिल्ला समन्वय समितिले प्राप्त गरेको वैदेशिक सहायता, ऋण,अनुदान एवं प्रविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण-

यस अवधिमा कुनैपनि प्रकारको वैदेशिक सहयोग र सम्झौता नभएको।

१६. जिल्ला समन्वय समितिले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगती प्रतिवेदन

- नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तोकिए बमोजिमका कार्यहरु गर्न प्रत्येक महिना जि.स.स. पदाधिकारीज्यूहरुको नियमित बैठक बस्ने गरेको र आवश्यकता अनुसार समय समयमा बैठक बस्ने गरेको।
- जि.स.स.ले जिल्ला भित्रका सरकारी तथा गैरसरकारी कार्यालय एवं संघ संस्थाको कार्यप्रगती सम्बन्धी गर्ने गरेको समिक्षाको प्रतिवेदन बागमती प्रदेशका सबै मन्त्रालय र संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयमा पठाउने गरेको।

१७. जिल्ला समन्वय समितिले वर्गीकरण तथ संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकीएको समयावधि-

जिल्ला समन्वय समितिका सबै सूचनाहरु सूचना पाटी, वेभसाईट र सामाजिक सञ्जालमा हेर्न सकिने व्यवस्था रहेको।

१८. जिल्ला समन्वय समितिमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विवरण

सरोकारवालाहरुबाट मौखिक रुपमा माग भएका सूचनाहरु उपलब्ध गराइएको, यो अवधिमा लिखित रुपमा सूचना माग नभएको।

१९. जिल्ला समन्वय समितिका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सो को विवरण-

जिल्ला समन्वय समितिमा सबै गतिविधिहरु वेबसाइट, समितिको फेसबुक पेज र कार्यालयको सूचनापाटी मार्फत नियमित रुपमा अद्यावधिक गरी सूचना प्रवाह गर्ने गरिएको साथै जिल्ला भित्रका सम्पूर्ण विवरण समेटी जिल्ला समन्वय समिति दर्पण प्रकाशन गरिएको। जिल्ला सूचना अभिलेख केन्द्र सञ्चालनमा रहेको।

२०. थप जानकारीका लागि सम्पर्कः-


फोन नं. ०११-४९०२४६, ०११-४९०२७४

शाखा अधिकृत

Email- dcckavre@gmail.com


जिल्ला समन्वय समितिको कार्यालय काभ्रेपलाञ्चोक २०७३